# अपाङ्गता भएका व्यक्ति सम्बन्धी प्रादेशिक नीति, २०८३

१. पृष्ठभूमि

अपाङ्गता भएका व्यक्तिहरुको अधिकार संरक्षण गर्ने सम्बन्धमा पहिलो विशष कानूनको रुपमा अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ जारी भई कार्यान्वयनमा आएको थियो। त्यसैगरी २०४६ को जनआन्दोलन पछि जारी भएको नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११ मा अपाङ्गता भएका व्यक्तिहरुको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सकिने प्रबन्ध गरियो। नेपालमा सरकारी तहबाट अपाङ्गता भएका व्यक्तिलाई क्रमशः नीति र कार्यक्रम मार्फत सम्बोधन गर्ने क्रममा सेवा सुविधामा पहुँच पुऱ्याउने उद्देश्यका साथ परिचयपत्र दिने कामको सुरूवात वि.सं. २०५७ सालमा भएको हो, जसले हालसम्म निरन्तरता पाएको छ।

नेपालको संविधानमा अपाङ्गता भएका व्यक्तिहरूका लागि निःशुल्क शिक्षा, ब्रेल तथा साङ्केतिक भाषामा शिक्षा, समावेशी सिद्धान्तका आधारमा राज्यका विभिन्न निकायमा सहभागिता सुनिश्चतता गरिएको छ। यसै गरी अपाङ्गताका आधारमा गरिने भेदभावलाई दण्डनीय बनाइएको, प्रतिनिधिसभा तथा प्रदेश सभाका लागि हुने समानुपातिक निर्वाचन प्रणालीमा प्रतिनिधित्वको व्यवस्था गरिएको, राष्ट्रियसभामा अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्व हुनुपर्ने लगायत महत्वपूर्ण प्रावधानहरू संविधानमा उल्लेख भएका छन्।

विभिन्न विषयगत ऐन र नीतिहरूमा अपाङ्गतासम्बन्धी विषयलाई समावेश गर्ने क्रमलाई निरन्तरता दिँदै अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५, योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, निजामती सेवा ऐन, २०४९ लगायतका ऐनहरूमा अपाङ्गता भएका व्यक्तिहरूका हित अनुकूल विभिन्न प्रावधानहरू समेटिएका छन्। सरकारले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी ऐन, २०७४ तथा सोको कार्यान्वयनका लागि अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली, २०७७ जारी गरेको छ। त्यसै गरी नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सुनिश्चित गर्ने सम्बन्धमा अपाङ्गता भएका व्यक्तिहरुका अधिकार सम्बन्धी महासन्धी, २००६ को पक्ष राष्ट्र बनी सोही बमोजिम आवश्यक कानून सुधार गर्दै आएको छ।

मुलुकमा संघीय शासन प्रणालीको प्रारम्भसँगै अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सुनिश्चित गराउने विषय तीन तहका सरकारको साझा सरोकारको विषय बनेको छ। प्रस्तुत सन्दर्भमा प्रदेश सरकारले आफ्नो स्पष्ट नीति तय गर्न आवश्यक भएकोले यो नीति तर्जुमा गरिएको हो।

२. राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कअनुसार बागमती प्रदेशको कुल जनसङ्ख्यामध्ये अपाङ्गता भएका व्यक्तिहरूको सङ्ख्या १,२०,४४७ (१.९६९%) रहेको छ। प्रदेश सरकारले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण तथा सेवा प्रवाहलाई उच्च प्राथमिकतामा राख्दै आएको भए तापनि उनीहरूको समग्र अवस्थामा अपेक्षित सुधार हुन सकेको छैन। प्रदेश सरकार गठन भए पश्चात सबै किसिमका अपाङ्गता भएका व्यक्तिहरुको अवस्थालाई सम्बोधन गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ। जस अन्तर्गत अपाङ्गता सूचना केन्द्र सञ्चालनसम्बन्धी कार्यविधि, २०७५,महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा समाज कल्याण क्षेत्रमा कार्यरत

संघसंस्थाहरूलाई अनुदान प्रदान गर्नेसम्बन्धी निर्देशिका, २०७६, अपाङ्गता भएका व्यक्तिका लागि स्वरोजगार तथा सीपमूलक तालिम सञ्चालनसम्बन्धी मापदण्ड, २०७५, समुदायमा आधारित पुनर्स्थापना सम्बन्धी कार्यविधि, २०८० का अतिरिक्त अपाङ्गता भएका व्यक्तिहरूको क्षमता विकास तथा सशक्तीकरणका लागि वार्षिक रूपमा विविध कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्।

## ३. समस्या तथा चुनौतीहरु

अपाङ्गता भएका व्यक्तिको अधिकारको संरक्षण र प्रवर्द्धनका क्षेत्रमा राज्यबाट विगतदेखि नै प्रयासहरू हुँदै आएका छन् र सोको सकारात्मक उपलब्धी समेत हासिल भएका छन्। समस्या र चुनौतीहरू हिजो पनि थिए र आज पनि विद्यमान छन्। अपाङ्गताको क्षेत्रमा उल्लेखनीय उपलब्धि प्राप्त गर्न समस्या एवम् चुनौतीहरूलाई पहिचान गरी समाधान गर्दै अघि बढ्न आवश्यक छ। यस क्षेत्रका समस्या र चुनौतीहरू निम्नानुसार रहेका छन्।

### ३.१ समस्याहरुः

(क) अपाङ्गता भएका व्यक्तिहरूको वर्गिकृत तथ्याङ्क तथा एकीकृत अभिलेख प्रणालीको अभाव हुनु,

(ख) विद्यमान भौतिक पूर्वाधार, सार्वजनिक सडक, भवन र यातायातका साधनहरू अपाङ्गतामैत्री नहुनु,

(ग) आवश्यकताका आधारमा सहायक सामग्रीहरू सहज रूपमा उपलब्ध हुन नसक्नु,

(घ) अपाङ्गता पहिचान तथा परिचयपत्र वितरण प्रक्रिया झन्झटिलो हुनु,

(ङ) नीति निर्माण तथा निर्णय प्रक्रियामा अपाङ्गता भएका नागरिकहरूको अर्थपूर्ण सहभागिता र पहुँच पुग्न नसक्नु,

(च) अति अशक्त, पूर्ण अशक्त, बहु-अपाङ्गता, अटिजम, बौद्धिक अपाङ्गता, र मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूको संरक्षण र हितमा राज्यको भूमिका पर्याप्त हुन नसक्नु,

(छ) अपाङ्गता भएका महिला र पुरुषबीच घरपरिवार र समाजबाटै भेदभावजन्य व्यवहार हुनु,

(ज) अपाङ्गता भएका व्यक्तिहरूलाई मर्यादित जीवनयापनका लागि स्व-आर्जन र आयमूलक कार्यक्रमहरूमा आबद्ध गराउन नसक्नु,

(झ) विद्यमान कानूनहरूमा आवश्यक परिमार्जन तथा भएको कानूनको प्रभावकारी कार्यान्वयन नहुनु,

(ञ) अपाङ्गताको सवालमा सरकारी, गैरसरकारी तथा सरोकारवाला निकायहरूबिच प्रभावकारी समन्वयको अभाव हुनु।

### ३.२ चुनौतीहरूः

(क) सार्वजनिक यातायात, सडक, भवन, भौतिक सेवा सुविधा र अन्य सार्वजनिक स्थलहरूलाई पूर्ण रूपमा अपाङ्गतामैत्री बनाउनु,

(ख) सूचना तथा सञ्चारका साधन एवं प्रविधिहरूमा अपाङ्गता भएका व्यक्तिहरूको सहज पहुँच सुनिश्चित गर्नु,

(ग) अन्य नागरिक सरह कानूनी, संवैधानिक र मानव अधिकार लगायत राज्यबाट प्रदान गरिने सेवा, सुविधा र अवसरहरू समान रूपमा उपयोग गर्ने वातावरण निर्माण गर्नु,

(घ) विद्यमान कानूनी व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयनमार्फत लक्षित वर्गसम्म प्रतिफल पुऱ्याउनु,

(ङ) सरकारी, गैरसरकारी र निजी क्षेत्रबिच समन्वय गरी एकीकृत कार्यक्रमहरू सञ्चालन गर्नु,

(च) सङ्घ, प्रदेश र स्थानीय तहबिच आवश्यक समन्वय र सहकार्यमार्फत अपाङ्गताको क्षेत्रमा एकीकृत कार्यक्रमहरू सञ्चालन गर्नु,

(छ) प्रदेशभित्र बसोबास गर्ने अपाङ्गता भएका व्यक्तिहरूको वर्गीकृत तथ्याङ्क प्रणालीको विकास र व्यवस्थित अभिलेखीकरण गर्नु,

(ज) अपाङ्गता भएका व्यक्तिहरूको विशिष्ट आवश्यकता पहिचान गरी उनीहरूको सशक्तीकरण गर्दै आत्मनिर्भर एवं स्वावलम्बी बनाउनु।

४. **नीतिको आवश्यकता**

नेपालको संविधान तथा अन्तर्राष्ट्रिय प्रतिवद्धताहरु अनुरुप अपाङ्गता भएका व्यक्तिहरुको अधिकार संरक्षण, समावेशी विकास र समान अवसरको सुनिश्चितताका लागि प्रदेशमा समेत स्पष्ट नीतिगत व्यवस्था गर्न आवश्यक भएकोले यो नीतिको तर्जुमा गरिएको हो। यस नीतिको आवश्यकता देहायबमोजिम रहेको छन्:-

(क) नेपालको संविधानको धारा ४२ बमोजिम सामाजिक न्यायको हक र समावेशी सिद्धान्तका आधारमा अपाङ्गता भएका नागरिकहरूलाई राज्यका निकायहरूमा सहभागी गराउन तथा सार्वजनिक सेवा, सुविधा र अवसरहरूमा समान पहुँच सुनिश्चित गर्न,

(ख) संवैधानिक प्रावधानहरू, अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि र दिगो विकास लक्ष्य (SDGs) का प्रतिबद्धताहरूलाई प्रादेशमा प्रभावकारी रूपमा कार्यान्वयन गर्न स्पष्ट मार्गचित्र तयार गर्न,

(ग) अपाङ्गताको सवाल बहुपक्षीय र बहु-सरोकारवाला विकासको क्षेत्र भएकाले विभिन्न सरकारी, गैरसरकारी तथा निजी क्षेत्रका निकायहरूलाई एकै ठाउँमा ल्याई एकीकृत नीति तथा कार्ययोजनामार्फत कार्यसम्पादन गर्न,

(घ) प्रदेश तहमा अपाङ्गता भएका व्यक्तिहरूको विशिष्ट आवश्यकता अनुरूप समावेशी विकासको प्रतिफल लक्षित वर्गसम्म समन्यायिक रूपमा पुऱ्याउन,

(ङ) अपाङ्गताको क्षेत्रको समग्र विकास, सशक्तिकरण र मूलप्रवाहीकरणका लागि प्रादेशिक नीतिगत, कानूनी र संस्थागत संयन्त्रलाई सुदृढ तुल्याउन।

## ५. दीर्घकालीन सोच

"स्वावलम्बी, पारस्परिक निर्भरता सहितको अपाङ्गतामैत्री/अनुकुलको समावेशी समाज निर्माण"।

## ६. लक्ष्य

अपाङ्गता भएका व्यक्तिहरुको बिना भेदभाव आर्थिक, सामाजिक, साँस्कृतिक, शैक्षिक र राजनीतिक सशक्तीकरणमार्फत राज्यका सबै तहमा समान सहभागीतासहितको मर्यादित जीवन सुनिश्चित गर्ने।

## ७. उद्देश्य

७.१ सबै अपाङ्गता भएका व्यक्तिहरूलाई अन्य व्यक्ति सरह आधारभूत सेवा, सुविधा, अवसर र अधिकारहरूमा पहुँच पुऱ्याउने वातावरण सृजना गर्ने,

७.२ अपाङ्गता भएका व्यक्तिहरूको दैनिक जीवनयापन, सार्वजनिक तथा निर्णय प्रकृयामा सहभागिता, सेवा सुविधा र अवसरमा समान पहुँचबाट बञ्चित गराउने सबै प्रकारका भौतिक, सामाजिक, सांस्कृतिक, सूचना तथा सञ्चारजन्य अवरोधहरूको अन्त्य गर्ने,

७.३ अति अशक्त, पूर्ण अशक्त र अपाङ्गता वर्गभित्र पनि महिला, दलित, जनजाति, आर्थिक रुपले विपन्न तथा सामाजिक वञ्चितिकरणमा परेकाहरूलाई विशेष नीति र लक्षित कार्यक्रममार्फत सेवा, सुविधा, अवसर र सामाजिक सुरक्षाको दायरामा ल्याउने।

## ८. रणनीति

८.१ अपाङ्गता भएका व्यक्तिहरुको हक र अधिकारलाई संवैधानिक व्यवस्था एवं अन्तराष्ट्रिय प्रतिवद्धता अनुरुप प्रादेशको नीति र कानून पुनरावलोकन वा निर्माण गरी कार्यान्वयन गर्ने।

८.२ अपाङ्गता भएका बालबालिका तथा व्यक्तिहरुका लागि विना भेदभाव समावेशी सिद्धान्तका आधारमा गुणस्तरीय, रोजगारमूलक, आवश्यकतामा आधारित र जीवनउपयोगी शिक्षामा समान पहुँच सुनिश्चित गर्ने।

८.३ अपाङ्गता भएका बालबालिका, व्यक्तिहरूलाई समान आधारमा आधारभूत स्वास्थ्य सेवा र मनोसामाजिक परामर्श, शीघ्र पहिचान, विशेष सेवा र विशिष्टिकृत स्वास्थ्य तथा पुनर्स्थापना सेवामा पहुँच पुऱ्याई मर्यादित, स्वस्थ र क्रियाशील जीवनयापन गर्न सक्षम तुल्याउने।

८.४ अपाङ्गता भएका व्यक्तिहरूलाई विशेष प्राथमिकता सहित स्वरोजगारका कार्यक्रमहरू एवम् व्यावसायिक तथा सीपमूलक तालिम कार्यक्रमहरूमा आवद्ध गराई आर्थिक रुपमा आत्मनिर्भर बनाउने।

८.५ सार्वजनिक सूचना तथा सञ्चारमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच अभिवृद्धि गरी उनीहरूको शिक्षा, सीप विकास, उत्पादकत्व, व्यक्तित्व विकासमा टेवा पुऱ्याउने।

८.६ सार्वजनिक भौतिक संरचना तथा समुदायमा आधारित पुनर्स्थापना सेवाहरू सुदृढ गर्दै बागमती प्रदेशमा रहेका अपाङ्गता भएका व्यक्तिहरूलाई दैनिक जीवनका क्रियाकलापमा सहज बनाउने

र सार्वजनिक सहभागितामा अभिवृद्धि गराउँदै आवागमन, सेवा सुविधा र अवसरहरूमा पहुँच वृद्धि गर्ने।

८.७ सामाजिक सुरक्षा प्रणालीमा अपाङ्गता भएका व्यक्तिहरूलाई पूर्णरूपमा समेट्दै समान पहुँच स्थापित गर्ने र उनीहरूका विशिष्ट आवश्यकताहरूलाई सम्बोधन गर्ने।

८.८ बागमती प्रदेशमा रहेका अपाङ्गता भएका बालबालिकालाई अन्य बालबालिका सरह बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिताको अधिकारमा समान पहुँच स्थापित गराउने।

८.९ अपाङ्गता भएका व्यक्तिहरू प्रतिको सोच र व्यवहारमा सकारात्मक परिवर्तन ल्याई उनीहरूको अधिकारको उपभोगमा परिवार, समुदाय र सरोकारवाला निकायको संलग्नता र सहयोगमा अभिवृद्धि गर्ने।

८.१० अपाङ्गता भएका महिलाहरू माथि हुने विभेद र हिंसा न्यूनिकरण गर्दै उनीहरूको सामाजिक आर्थिक सशक्तीकरण गरी सार्वजनिक जीवनमा सहभागिता अभिवृद्धि गर्ने।

८.११ बागमती प्रदेशस्तरमा हुने खेलकुद, सांस्कृतिक र मनोरञ्जनात्मक गतिविधिहरूमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच अभिवृद्धि गर्दै सामाजिकीकरण र सहभागितालाई प्रवर्द्धन गर्ने।

८.१२ विपद्को अवस्थामा अपाङ्गता भएका व्यक्तिहरू माथि हुने जोखिम न्यूनीकरणका लागि अपाङ्गता समावेशी विपद् व्यवस्थापन प्रणालीलाई संस्थागत गर्ने।

## ९. कार्यनीतिहरु

**रणनीति ८.१ सँग सम्बन्धितः** (अपाङ्गता भएका व्यक्तिहरुको हक र अधिकारलाई संवैधानिक व्यवस्था अनुरुप प्रदेशको नीति तथा कानून निर्माण गरी कार्यान्वयन गर्ने)

**कार्यनीति**

९.१.१ प्रदेश तहमा बनेका विद्यमान कानूनी तथा नीतिगत व्यवस्थाहरूको अध्ययन गरी अपाङ्गतामैत्री नभएका कानूनी व्यवस्थाहरूमा समयसापेक्ष संशोधन गरिनेछ।

९.१.२ विद्यमान नीति र कानूनहरूमा भएका अपाङ्गता भएका व्यक्तिहरूप्रति विभेद जनाउने व्यवस्थाहरू खारेज गरिनेछ र समान अधिकारलाई प्रवर्द्धन गर्ने व्यवस्थाहरू राखिनेछ।

९.१.३ नीतिगत तथा कानूनी व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक स्रोत-साधनको उपलब्धता सुनिश्चित गर्दै सम्बद्ध संयन्त्रहरूको क्षमता विकास र परिचालन गरिनेछ।

९.१.४ अपाङ्गता भएका व्यक्तिहरूप्रति हुने विभेदकारी प्रथा, अभ्यास र प्रचलनहरूलाई निरूत्साहित गर्न सामाजिक सचेतना अभिवृद्धि र कानूनी शिक्षा सञ्चालन गरिनेछ।

**रणनीति ८.२ सँग सम्बन्धितः** (अपाङ्गता भएका बालबालिका तथा व्यक्तिहरुका लागि विना भेदभाव समावेशी सिद्धान्तका आधारमा गुणस्तरीय, रोजगारमूलक, आवश्यकतामा आधारित र जीवनउपयोगी शिक्षामा समान पहुँच सुनिश्चित गर्ने।)

९.२.१ प्रदेशमा विद्यालय बाहिर रहेका अपाङ्गता भएका बालबालिकाहरूको तथ्याङ्क संकलन गर्ने/गराउने र विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयसम्म ल्याउनको लागि विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ।

९.२.२ प्रदेश तहको शिक्षा सम्बन्धी नीति तथा कानूनहरूको अध्ययन गरी अपाङ्गता भएका व्यक्तिको शिक्षासँग सम्बन्धित प्रावधानहरू समावेश गरिनेछ।

९.२.३ अपाङ्गता भएका बालबालिकाका लागि पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ प्रक्रिया र विद्यालय वातावरण सहज र मैत्रीपूर्ण बनाउन आवश्यक मापदण्ड, कार्यक्रम र निर्देशिका बनाई प्रदेश र स्थानीय तहमा लागु गरिनेछ।

९.२.४ अपाङ्गता भएका बालबालिका तथा उच्चशिक्षामा अध्ययनरत विद्यार्थीका विशेष आवश्यकताहरूलाई मध्यनजर गरी विषय-विज्ञहरूको सहयोगमा सिकाइ प्रक्रिया, मूल्याङ्कन प्रणाली र परीक्षा प्रणालीलाई लचिलो र अपाङ्गतामैत्री बनाउन स्थानीय तहको लागि सहयोग हुने कार्यक्रम सञ्चालन गरिनेछ।

९.२.५ स्रोतकक्षालाई यसको अवधारणा अनुरूप कार्यान्वयन गर्दै अपाङ्गता भएका बालबालिकाका लागि कक्षाकोठाको समावेशी वातावरणमा अन्य बालबालिका सरह सिकाईका लागि आवश्यक थप स्रोत, सीप र ज्ञान दिने माध्यमको रूपमा विकास गर्न स्रोतकक्षा सहयोग तथा शिक्षक तालिम कार्यक्रमहरू सञ्चालन गरिनेछ।

९.२.६ अपाङ्गता भएका विद्यार्थीको सिकाइ उपलब्धि बढाउन, उनीहरूको टिकाउदरमा वृद्धि गर्न र सिकाइ प्रक्रियामा पूर्णरूपमा सहभागी गराउन आवश्यक अध्ययन र अनुसन्धान गरिनेछ।

९.२.७ समावेशी शिक्षा अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरूलाई समानरूपमा शिक्षा दिन सक्नेगरी शिक्षकहरूको क्षमता विकासका लागि विभिन्न अभिमुखीकरण, तालिम र अवलोकन भ्रमण जस्ता कार्यक्रम सञ्चाल गरिनेछ। विश्वविद्यालयमा अपाङ्गता सम्बन्धी अध्ययनलाई प्रवर्द्धन गरिनेछ।

९.२.८ प्रारम्भिक बालविकास केन्द्रका शिक्षकहरूको क्षमता विकासका लागि आवश्यक अभिमुखीकरण तथा तालिम कार्यक्रमहरू सञ्चालन गरिनेछ।

९.२.९ विद्यालयको भौतिक, शैक्षिक र मनोवैज्ञानिक वातावरण अपाङ्गतामैत्री बनाउनको लागि निश्चित मापदण्ड बनाएर लागु गरिनेछ।

९.२.१० विशेष शिक्षा र समावेशी शिक्षा कार्यक्रम मार्फत अपाङ्गता र कार्यगत सिमितता भएका बालबालिकाको शिक्षाको अवसर सुनिश्चित गरिनेछ।

९.२.११ विद्यालयमा शैक्षिक सहयोग प्रणाली स्थापना गरेर प्रारम्भिक परीक्षण र पहिचान गर्ने, स्वास्थ्य परीक्षण गर्ने र उपचारको लागि रेफर गर्ने र कार्यगत सिमितता भएका

बालबालिकाको वैयक्तिक योजना बनाएर शिक्षण सिकाईमा सहजीकरण गर्ने प्रबन्ध मिलाईनेछ।

**रणनीति ८.३ सँग सम्बन्धितः** (अपाङ्गता भएका बालबालिका, व्यक्तिहरूलाई समान आधारमा आधारभूत स्वास्थ्य सेवा र मनोसामाजिक परामर्श, शीघ्र पहिचान, विशेष सेवा र विशिष्टिकृत स्वास्थ्य तथा पुनर्स्थापना सेवामा पहुँच पुऱ्याई मर्यादित, स्वस्थ र क्रियाशील जीवनयापन गर्न सक्षम तुल्याउने।

९.३.१ अपाङ्गता भएका व्यक्तिहरूका लागि आवश्यक विशिष्टीकृत उपचार, थेरापी, शल्यक्रिया, औषधि तथा मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउन प्रादेशिक तहका सरकारी अस्पतालहरूको क्षमता विकास र स्तरवृद्धि गरिनेछ; साथै स्थानीय तहमा यस्ता कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक सहयोग पुऱ्याइनेछ।

९.३.२ स्वास्थ्य संस्थाहरूका भौतिक संरचनाहरूलाई नेपाल सरकारले तोकेको मापदण्ड अनुसार अपाङ्गता भएका व्यक्ति लगायत सबैका लागि क्रमशः पहुँचयुक्त बनाइनेछ।

९.३.३ प्रादेशिक तहका अस्पतालहरूमा अपाङ्गता भएका व्यक्तिहरूलाई उपचार सेवामा सहज पहुँच र सहजीकरण सुनिश्चित गर्न 'अपाङ्गता सहयोग डेस्क' सञ्चालनमा ल्याइनेछ।

९.३.४ स्थानीय स्तरमा समयमै अपाङ्गताको पहिचान, आवश्यक परामर्श र प्रेषण (Referral) सेवा उपलब्ध गराउन सक्षम जनशक्ति तयार गरी सोहीमार्फत सेवा प्रवाह गर्न आवश्यक सहयोग गरिनेछ।

९.३.५ अपाङ्गता भएका महिलाहरूको यौन तथा प्रजनन स्वास्थ्यमा पहुँच सुनिश्चित गरिनेछ। यस सम्बन्धी सूचना, जानकारी तथा परामर्श सेवालाई अपाङ्गता समावेशी बनाउनुका साथै प्रदेशस्तरमा विभिन्न लक्षित क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

९.३.६ अपाङ्गता भएका व्यक्तिहरूले आफ्नो शारीरिक वा मानसिक अवस्थाका कारण निरन्तर सेवन गर्नुपर्ने औषधिहरू (जस्तैः हेमोफिलियाका लागि आवश्यक पर्ने 'फ्याक्टर' वा रक्त तत्व, मनोसामाजिक अपाङ्गता, बौद्धिक अपाङ्गता, अटिजम, बहु-अपाङ्गता, गम्भीर प्रकारको शारीरिक अपाङ्गता एवं स्पाइनल कर्ड इन्जुरी भएकाहरूले प्रयोग गर्ने औषधि) तथा आवश्यक स्वास्थ्य एवं सरसफाइ सामग्रीहरू (डाइपर, क्याथेटर, युरिन ब्याग, ट्युब आदि) उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाइनेछ।

९.३.७ समुदाय स्तरमा आधारभूत स्वास्थ्य सेवामा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच स्थापित गर्न स्थानीय तहसँगको सहकार्यमा 'अपाङ्गता स्वास्थ्य सहयोग कार्यक्रम' सञ्चालन गरिनेछ; साथै अपाङ्गता भएका बालबालिकाका अभिभावक, संरक्षक र स्याहारकर्ताहरूका लागि सीप तथा क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

**रणनीति ८.४ सँग सम्बन्धितः** (अपाङ्गता भएका व्यक्तिहरूलाई विशेष प्राथमिकता सहित स्वरोजगारका कार्यक्रमहरू एवम् व्यावसायिक तथा सीपमूलक तालिम कार्यक्रमहरूमा आवद्ध गराई आर्थिक रुपमा आत्मनिर्भर बनाउने।)

९.४.१ अपाङ्गताको दृष्टिकोणबाट रोजगारी तथा स्वरोजगार प्रवर्द्धन सम्बन्धी प्रदेशको विद्यमान नीति र कानून र कार्यक्रमहरूको सरोकारवालासँगको सहकार्यमा अध्ययन तथा विश्लेषणगरी समयसापेक्ष बनाइनेछ।

९.४.२ स्थानीय तह मार्फत बेरोजगार वा दैनिक जीवनयापनको कुनै आधार नभएका अपाङ्गता भएका व्यक्तिहरूको तथ्याङ्क संकलन गरी उनीहरू तथा उनीहरूका अभिभावक र परिवारलाई स्वरोजगारीका कार्यक्रमहरूमा सहभागी गराउन सहुलियतपूर्ण ऋण प्रदान गरिनेछ।

९.४.३ प्रदेश तहमा वा स्थानीय तहमा सञ्चालन हुने सीप विकास तालिम, सार्वजनिक सेवा प्रवेश तयारी कक्षा, उद्यमशीलता विकास, सहुलियतपूर्ण ऋण तथा स्वरोजगारीका विभिन्न कार्यक्रमहरूमा अपाङ्गता भएका व्यक्तिहरूलाई प्राथमिकता दिने गरी सहयोग कार्यक्रमहरू सञ्चालन गरिनेछ।

९.४.४ कार्यस्थल भित्रका काम गर्ने ठाउँ, शौचालय, चमेनागृह, पुस्तकालय, पार्किङ, बैठक कक्ष, सम्मेलन कक्ष लगायतका ठाउँहरू अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयुक्त बनाउन सहजीकरण वा सहयोग गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ।

**रणनीति ८.५ सँग सम्बन्धितः** (सार्वजनिक सूचना तथा सञ्चारमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच अभिवृद्धि गरी उनीहरूको शिक्षा, सीप विकास, उत्पादकत्व, व्यक्तित्व विकासमा टेवा पुर्‍याउने।)

९.५.१ नेपाली साङ्केतिक भाषाको शब्दकोषलाई प्रदेश तहमा व्यापक प्रचार प्रसार गर्ने र प्रदेश तथा स्थानीय तहमा सांकेतिक भाषाका तालिमहरू सञ्चालन गर्न कार्यक्रमहरू सञ्चालन गरिनेछ।

९.५.२ प्रदेश तहबाट सञ्चालित सार्वजनिक टेलिभिजनबाट प्रसारण हुने सूचनाहरूलाई सकेसम्म साङ्केतिक भाषामा प्रसारण गर्न एवं सबटाइटल र क्याप्सनको प्रयोगमा जोड दिइनेछ।

९.५.३ सरकारले सार्वजनिक प्रयोजनको लागि राखिने सूचना र सङ्केतहरूलाई आवश्यकता अनुसार सबैले बुझ्नेगरी ब्रेल, सांकेतिक भाषा, सरल भाषा, चित्र तथा अडियोमा समेत उपलब्ध गराउने व्यवस्था मिलाइनेछ । ~~गराइनेछ।~~

९.५.४ कम्तीमा पनि प्रदेश सरकारले निर्माण गर्ने सबै सरकारी वेबसाइटहरूलाई दृष्टिविहीन व्यक्तिका लागि पहुँचयुक्त बनाइनेछ । संघ संस्थाहरूको वेबसाइटलाई पहुँचयुक्त बनाउन मापदण्ड लगायतका विषयमा विभिन्न सचेतना, जानकारी तथा अभिमुखीकरण तालिमहरू सञ्चालन गरिनेछ।

९.५.५ बौद्धिक अपाङ्गता, अटिज्म, डाउन सिन्ड्रोम, श्रवण-दृष्टिविहीन लगायतका अपाङ्गता भएका व्यक्तिहरूको सूचनामा पहुँचलाई लक्षित गरी कार्यक्रमहरू सञ्चालन गरिनेछ।

९.५.६ दृष्टिविहीन व्यक्तिहरूको लागि कम्प्युटर र सूचना प्रविधिमा पहुँच वृद्धि गर्न नेपाली तथा अंग्रेजी बोल्ने सफ्टवेयरको विकास, प्रयोग र प्रवर्द्धनमा लगानी वृद्धि गरिनेछ।

९.५.७ सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालन गरिने सार्वजनिक कार्यक्रमहरुमा दोभासे अर्थात साङ्केतिक भाषा अनुवादक राख्ने प्रबन्ध मिलाइने छ।

**रणनीति ८.६ सँग सम्बन्धितः** (बागमती प्रदेशका सार्वजनिक भौतिक संरचना, सूचना प्रणाली तथा सञ्चार सेवाको प्रयोगमा अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, बालबालिका, महिला लगायतका व्यक्तिहरूको समान पहुँच स्थापित गराई सार्वजनिक सहभागिता र आवागमनलाई सुरक्षित र पहुँचयुक्त बनाउने।)

९.६.१ बागमती प्रदेशमा रहेका सार्वजनिक भौतिक संरचना, यातायात सेवा, सूचना तथा सञ्चारको अवस्थालाई पहुँचयुक्तताको दृष्टिकोणबाट नंक्साङ्कन र अडिट गरिनेछ र अल्पकालिन तथा दीर्घकालिन योजना तथा मापदण्ड बनाई कार्यान्वयन गरिनेछ।

९.६.२ अपाङ्गतामैत्री भौतिक संरचना निर्माणका लागि तोकिएका कानूनी प्रावधानहरूका बारेमा सम्बन्धित सरोकारवालाहरूमा चेतना अभिवृद्धि गरिनेछ र मापदण्डहरू प्रयोग गरेर पहुँचयुक्ततताको लागि नमूना काम गर्नेहरूलाई पुरस्कार, सम्मान र सहयोग प्रदान गरिनेछ।

९.६.३ स्थानीय तह र विभिन्न सरोकारवालाहरू लक्षित गरी पहुँचयुक्त वातावरणको विषयमा तालिम र अभिमुखीकरणका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

९.६.४ सबैका लागि पहुँचयुक्त सार्वजनिक बसहरू सञ्चालन गर्ने व्यावसायीहरूका लागि प्रोत्साहन कार्यक्रमहरू लागु गरिनेछ। सार्वजनिक सडक यातायातमा अपाङ्गता भएका व्यक्ति लगायत सबैको पहुँच र प्रयोग सुनिश्चित गर्न निश्चित मापदण्ड र नियमहरू बनाई यसको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

९.६.५ सडक वा किनारमा राखिने सार्वजनिक सरोकारका भौतिक सामग्री (टेलिफोन बुथ, आराम गर्ने ठाउँ, सडकमा लगाइने विरूवा, सडकपेटीमा लगाइने रेलिङ, सवारी प्रतीक्षालय, बिजुली तथा टेलिफोनका पोल, तार, सूचनापाटी आदि) निश्चित मापदण्ड बनाई अपाङ्गमैत्री ढंगबाट निर्माण तथा सञ्चालन गरिनेछ।

९.६.६ सडक अवरोध हुनेगरी निर्माण सामग्रीहरू राख्ने, खाल्डाखुल्डी बनाउने, फोहर थुपार्ने लगायतका गतिविधिलाई स्थानीय तहसँगको समन्वय र सहकार्यमा निरूत्साहित गरिनेछ।

**रणनीति ८.७ सँग सम्बन्धितः** (समुदायमा आधारित पुनर्स्थापना सेवाहरू सुदृढ गर्दै बागमती प्रदेशमा रहेका अपाङ्गता भएका व्यक्तिहरूलाई दैनिक जीवनका क्रियाकलापमा सहज बनाउने र सार्वजनिक सहभागितामा अभिवृद्धि गराउँदै आवागमन, सेवा सुविधा र अवसरहरूमा पहुँच वृद्धि गर्ने।)

९.७.१ पुनर्स्थापना सेवाको माग र आपूर्तिबीच रहेको रिक्तता मापन गर्न सबै स्थानीय तहहरुमा अध्ययन गरी बेसलाईन तयार गरिनेछ। सोही आधारमा स्थानीय तह मार्फत सेवा उपलब्ध गराउने कार्यक्रम ल्याइनेछ।

९.७.२ हाल सेवा दिइरहेका पुनर्स्थापना केन्द्रहरूको क्षमता, सेवाको गुणस्तर, सीप र ज्ञानको अनुगमन तथा मूल्याङ्कन गरी सेवाको गुणस्तर वृद्धि, प्राविधिक क्षमता विकास, सेवाको विविधीकरण, मानव स्रोत विकास र थप जनसङ्ख्यामा सेवा विस्तार गर्न सहयोग गरिनेछ।

९.७.३ स्थानीय तहमा स्थापना तथा सञ्चालन हुने पुनर्स्थापना सेवाहरूको मापदण्ड तयार गरी अनुगमन गरिनेछ। यसका साथै, हाल अपाङ्गता भएका व्यक्तिहरूका लागि प्रदेश सरकारको अनुदानबाट सञ्चालन हुने सबै प्रकारका कार्यक्रमहरू सञ्चालन गर्दा स्थानीय अपाङ्गता समन्वय समितिसँग समन्वय हुने व्यवस्था गरिनेछ।

९.७.४ समुदाय स्तरमा उपलब्ध गराउन सकिने पुनर्स्थापना सेवाहरूको पहिचान गरी यस्ता सेवाहरूलाई स्थानीय सङ्घसंस्था, अपाङ्गता भएका व्यक्ति संबद्ध संस्था, स्थानीय तह र स्थानीय स्वास्थ्य केन्द्रसमेतको सहकार्यमा उपलब्ध गराउने गरी स्थानीय तहलाई सहयोग गरिनेछ।

९.७.५ अपाङ्गताको शीघ्र पहिचान, प्रारम्भिक हस्तक्षेप र प्रेषण सेवाका लागि तथा सबै अपाङ्गता भएका व्यक्तिहरूलाई समयमै पुनर्स्थापना सेवाको दायरामा ल्याउन तालिमप्राप्त पुनर्स्थापना सहजकर्ताहरू उत्पादन गरी स्थानीय पालिकामार्फत परिचालन गर्न सहयोग गरिनेछ।

९.७.६ विभिन्न गैरसरकारी निकायहरूले स्थापना गरेका पुनर्स्थापना सम्बन्धी अनुकरणीय अभ्यासहरूलाई स्वामित्व ग्रहण (अपनत्व बोध) गरी त्यस्ता अभ्यासहरूलाई थप प्रवर्द्धन र विस्तार गरिनेछ।

९.७.७ पुनर्स्थापना सहजकर्ता, पुनर्स्थापना सम्बन्धी विज्ञ, फिजियोथेरापिस्ट, परामर्शदाता लगायतका मानव स्रोतको उत्पादन तथा परिचालनमा लगानी बढाइनेछ।

९.७.८ सहायक सामग्री आवश्यक पर्ने अपाङ्गता भएका व्यक्तिको विस्तृत र वर्गीकृत तथ्याङ्क सङ्कलन गरिनेछ। अपाङ्गता भएका व्यक्तिको लागि आवश्यक पर्ने सहायक सामग्रीको खरिद, भण्डारण र नापजाँचको उचित व्यवस्था गरी स्थानीय तहमार्फत वितरणको प्रबन्ध मिलाइनेछ।

९.७.९ अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूसँग सहकार्य गरी व्यक्तिगत सहयोगी सेवा का लागि मानव स्रोत उत्पादन र परिचालनको कार्य अगाडि बढाइनेछ।

**रणनीति ८.८ सँग सम्बन्धितः** (सामाजिक सुरक्षा प्रणालीमा अपाङ्गता भएका व्यक्तिहरूलाई पूर्णरूपमा समेट्दै समान पहुँच स्थापित गर्ने र उनीहरूका विशिष्ट आवश्यकताहरूलाई सम्बोधन गर्ने।)

९.८.१ पूर्ण र अति अशक्त अपाङ्गता भएका व्यक्तिूलाई दिइने सामाजिक सुरक्षा भत्ताको वितरण प्रणालीलाई थप व्यवस्थित र वैज्ञानिक बनाइनेछ ।

९.८.२ निरपेक्ष गरिबीको अवस्थामा रहेका अपाङ्गता भएका व्यक्तिको परिवारका लागि अपाङ्गता भएका व्यक्तिलाई रेखदेख, स्याहार र सरसफाइ गर्ने परिवारका सदस्यलाई निश्चित सर्तमा आर्थिक सहयोग र हेरचाह सम्बन्धी तालिम उपलब्ध गराइनेछ।

९.८.३ अपाङ्गता भएका व्यक्तिहरूको स्याहार तथा रेखदेख गर्ने तालिम प्राप्त व्यक्तिको उत्पादन गरी स्थानीय तह र अपाङ्गता भएका व्यक्तिको संस्थाको समन्वयमा परिचालन गर्ने गरी स्याहारकर्ता परिचालन कार्यक्रम सञ्चालन गरिनेछ।

९.८.४ जोखिममा रहेका, एकल, असहाय, अनाथ र हिंसा वा विभेदमा परेका अपाङ्गता भएका महिला, बालबालिका र ज्येष्ठ नागरिकहरूको सुरक्षा, दैनिक हेरचाह र पुनर्स्थापनाको लागि विशेष कार्यक्रमहरू ल्याइनेछ।

**रणनीति ८.९ सँग सम्बन्धितः** (बागमती प्रदेशमा रहेका अपाङ्गता भएका बालबालिकालाई अन्य बालबालिका सरह बालबचाउ, बालसंरक्षण, बालविकास र बाल सहभागिताको अधिकारमा समान पहुँच स्थापित गराउने।)

९.९.१ विपन्न, बेसाहारा तथा बेवारिसे अवस्थामा रहेका अपाङ्गता भएका बालबालिकाहरूलाई स्थानीय बालकल्याण समितिसँगको समन्वयमा विशेष संरक्षण गरिनेछ।

९.९.२ परिवार, विद्यालय र समुदायमा अपाङ्गता भएका बालबालिकामाथि हुने विभेद, हिंसा र दुर्व्यवहार अन्त्य गर्न अनुगमन, जनचेतना र अभिमुखीकरणका कार्यक्रम सञ्चालन गरी स्थानीय तहमार्फत कानूनी कार्वाहीलाई थप प्रभावकारी बनाइनेछ।

९.९.३ अपाङ्गता भएका बालबालिकाहरूका सवालमा प्रहरी, स्थानीय तहका बालबालिका सम्बन्धी इकाइहरू, प्रदेश सरकारका बालबालिका हेर्ने निकाय लगायतका प्रतिनिधिहरूलाई अभिमुखीकरण तथा क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

९.९.४ बालमन्दिर, बाल पुनर्स्थापना गृह, बाल सुधार केन्द्र र प्रारम्भिक बाल विकास केन्द्रहरूलाई अपाङ्गता समावेशी बनाउने कार्यक्रमहरू सञ्चालन गरिनेछ।

९.९.५ प्रदेशको बाल संरक्षण सम्बन्धी नीति तथा कार्यक्रममा अपाङ्गता भएका बालबालिकाका सवाल र आवश्यकतालाई संबोधन गर्नुको साथै गैरकानूनी रुपमा हुने बाल बिछोडलाई निरूत्साहित गरिने छ।

९.९.६ प्रदेश तहमा बालबालिकाको क्षेत्रमा काम गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाका नीति तथा कार्यक्रमहरूमा अपाङ्गता भएका बालबालिकाहरूलाई समावेश गर्न प्रोत्साहन गरिनेछ।

**रणनीति ८.१० सँग सम्बन्धितः** (अपाङ्गता भएका व्यक्तिहरू प्रतिको सोच र व्यवहारमा सकारात्मक परिवर्तन ल्याई उनीहरूको अधिकारको उपभोगमा परिवार, समुदाय र सरोकारवाला निकायहरूको संलग्नता र सहयोगमा अभिवृद्धि गर्ने।)

९.१०.१ शैक्षिक पाठ्यपुस्तकहरूमा अपाङ्गता सम्बन्धी जनचेतनामूलक सामग्रीहरू समावेश गरिनेछ। अपाङ्गता अधिकार, सेवा सुविधा, कानूनी व्यवस्था सम्बन्धी अडियो, भिजुअल र छापा सामग्री निर्माण गरी प्रसार, प्रचार र वितरण गरिनेछ।

९.१०.२ सञ्चार माध्यमहरूबाट अपाङ्गता सम्बन्धी जनचेतनामूलक सामग्रीहरू सम्प्रेषण गर्न साझेदारी र सहकार्य बढाइनेछ र जनचेतनाको लागि अपाङ्गता भएका व्यक्तिका संस्थाहरूलाई परिचालन गरिनेछ।

९.१०.३ अपाङ्गताको सवालमा विभिन्न जानकारीहरू दिन जनचेतनामुलक गोष्ठी, बहस, छलफल तथा विद्यालय र समुदाय लक्षित जनचेतना कार्यक्रमहरू सञ्चालन गरिनेछ।

९.१०.४ अपाङ्गता भएका व्यक्तिले गरेका राम्रा कामहरू, सफलताका कथाहरू र योगदानहरूलाई प्रचार प्रसार गरिनेछ।

९.१०.५ अपाङ्गताको सकारात्मक पक्ष उजागर गर्ने, सकारात्मक सन्देश समाजमा प्रवाह गर्ने र समाजलाई अपाङ्गता भएका व्यक्तिको क्षमता, योग्यता, मर्यादा र समान अस्तित्वलाई प्रवर्द्धन गर्ने प्रकारका चलचित्र, भिडियो, छोटा चलचित्रहरू, डकुमेन्ट्री आदिको निर्माण, प्रचार र प्रसारलाई प्रवर्द्धन गरिनेछ।

**रणनीति ८.११ सँग सम्बन्धितः** (अपाङ्गता भएका महिलाहरू माथि हुने विभेद र हिंसा न्यूनिकरण गर्दै उनीहरूको सामाजिक आर्थिक सशक्तीकरण गरी सार्वजनिक जीवनमा सहभागिता अभिवृद्धि गर्ने।)

९.११.१ महिला केन्द्रित कार्यक्रमहरूमा अपाङ्गता भएका महिलाहरूको सहभागिता सुनिश्चित गरिनेछ।

९.११.२ अपाङ्गता भएका महिलाहरूलाई लक्षित गरी सशक्तीकरण, आर्थिक उपार्जन, हिंसा विरूद्धको तालिम र अनौपचारिक शिक्षा कार्यक्रमहरू सञ्चालन गरिनेछ।

९.११.३ प्रदेश स्तरमा अपाङ्गता भएका महिलाका संस्था वा समुहहरूले सञ्चालन गरेका, यौन तथा प्रजनन् स्वास्थ्य, आय आर्जन, क्षमता विकास र सशक्तीकरण सम्बन्धी कार्यक्रमहरूलाई थप प्रवर्द्धन गरिनेछ।

९.११.४ प्रदेश तहमा सञ्चालित सुरक्षित मातृत्व, यौन तथा प्रजनन् स्वास्थ्य लगायत महिला स्वास्थ्य सम्बन्धी नीति र कार्यक्रम एवं विद्यमान स्वास्थ्य सेवाहरूलाई अपाङ्गता भएका महिलाहरूका लागि पहुँचयुक्त बनाइनेछ।

९.११.५ लैंगिक हिंसाविरुद्ध सञ्चालन गरिने कार्यक्रम तथा किशोरी शिक्षामा अपाङ्गता भएका महिला तथा बालिकाहरूलाई प्राथमिकताका साथ समावेश गरिनेछ। साथै सुरक्षित गृह र पुनर्स्थापना केन्द्रहरूलाई अपाङ्गता समावेशी एवं पहुँचयुक्त बनाउन आवश्यक सहयोग गरिनेछ।

**रणनीति ९.१२ सँग सम्बन्धितः** (बागमती प्रदेशस्तरमा हुने खेलकुद, सांस्कृतिक र मनोरञ्जनात्मक गतिविधिहरूमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच अभिवृद्धि गर्दै सामाजिकीकरण र सहभागितालाई प्रवर्द्धन गर्ने।)

९.१२.१ विभिन्न सरोकारवालाहरूको समन्वय र सहयोगमा सञ्चालन हुँदै आएका पारा तथा विशेष खेलकुदको थप विकासका लागि प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गराइनेछ।

९.१२.२ अपाङ्गता भएका व्यक्तिको खेलकुदको विकासका लागि सरकारको तर्फबाट पारा तथा विशेष खेलकुदलाई नेतृत्व गर्ने अपाङ्गता भएका व्यक्तिको समेत प्रतिनिधित्व रहनेगरी समिति गठन गरिनेछ।

९.१२.३ पारा तथा विशेष खेलकुदमा सहभागी हुने खेलाडी, प्रशिक्षक र व्यवस्थापकको क्षमता विकासमा सहयोग गरिनेछ।

९.१२.४ धार्मिक, सांस्कृतिक, ऐतिहासिक, पर्यटकीय, खेलकुद र मनोरञ्जनका संरचना एवं विश्राम स्थलहरूलाई अपाङ्ग व्यक्तिको पहुँचयुक्त बनाउन लगानीमा वृद्धि गरिनेछ।

९.१२.५ शैक्षिक संस्थाहरूमा सञ्चालन हुने खेलकुद तथा मनोरञ्जनात्मक गतिविधिहरूमा अपाङ्गता भएका व्यक्तिहरूलाई समान रूपमा सहभागी गराइनेछ।

**रणनीति ९.१३ सँग सम्बन्धितः** (विपद्को अवस्थामा अपाङ्गता भएका व्यक्तिहरू माथि हुने जोखिम न्यूनीकरणका लागि अपाङ्गता समावेशी विपद् व्यवस्थापन प्रणालीलाई संस्थागत गर्ने।)

९.१३.१ प्रदेशभित्र अप्ठ्यारो अवस्थामा रहेका अपाङ्गता भएका व्यक्ति वा समूहहरूको पहिचान गरिनेछ र यस सम्बन्धी सूचना प्रणालीलाई प्रभावकारी बनाइनेछ।

९.१३.२ विपद् पूर्वतयारी सम्बन्धी योजना तर्जुमा, अनुगमन लगायत विभिन्न गतिविधिमा अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व र सहभागिता सुनिश्चित गरिनेछ।

९.१३.३ अपाङ्गता समावेशी विपद् व्यवस्थापनको प्रक्रिया अवलम्बन गरिनेछ।

९.१३.४ अपाङ्गताको गम्भीरताका आधारमा उद्धार, राहत, पुनर्लाभ तथा पुनःस्थापनलाई विशेष प्राथमिकतामा राख्ने गरी कानूनी र प्रक्रियागत व्यवस्थाको अवलम्बन गरिनेछ।

९.१३.५ विपद् व्यवस्थापन सम्बन्धी जानकारी तथा सूचनाहरू अपाङ्गता भएका व्यक्तिहरूको पहुँचमा पुग्नेगरी निर्माण तथा प्रवाह गरिनेछ।

९.१३.६ विपद्‌बाट बच्ने उपाय लगायत विपद् व्यवस्थापनको विषयमा समुदायमा दिइने अभिमुखीकरण, तालिम, जनचेतना लगायतका कृयाकलापहरूमा अपाङ्गता भएका व्यक्तिको सहभागिता सुनिश्चित गरिनेछ।

## १०. संस्थागत संरचना

नीतिको कार्यान्वयन गर्ने जिम्मेवारी बागमती प्रदेश सरकारका विभिन्न मन्त्रालय तथा कार्यालयहरूको हुनेछ। मन्त्रालय तथा कार्यालयहरूले वार्षिक तथा आवधिक कार्यक्रम, कार्यनीति वा नीतिहरूमा अपाङ्गता भएका व्यक्तिका लागि लक्षित तथा समावेशी दुवै प्रकृतिका कार्यक्रम समावेश गर्नु पर्नेछ। साथै, कार्यक्रमबाट अपाङ्गता भएका व्यक्तिहरू लाभान्वित भए वा नभएको वार्षिक रूपमा अनुगमन गर्नु पर्नेछ र प्रतिवेदनमा लाभान्वित व्यक्तिको संख्या उल्लेख गर्नु पर्नेछ। नीतिको प्रभावकारी कार्यान्वयन तथा मार्गनिर्देशनका लागि सामाजिक विकास मन्त्रीको अध्यक्षतामा स्थानीय तहका जनप्रतिनिधि सहितको एक समिति रहनेछ।

## ११. नीति कार्यान्वयन

यस नीति कार्यान्वयनको लागि आवश्यकता अनुसार अपाङ्गता सम्बन्धी ऐन, नियम, निर्देशिका र कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्न सकिनेछ। नीतिको प्रभावकारी कार्यान्यनका लागि सामाजिक विकास मन्त्रालयले समन्वय र सहजीकरणको भूमिका निर्वाह गर्नेछ।

## १२. अनुगमन तथा मुल्याङ्कन र पुनरावलोकन

१२.१ यो नीतिको कार्यान्वयनको अवस्था अनुगमन गर्न र नीतिमा समसामयिक परिमार्जनका लागि आवश्यक अपाङ्गता सम्बन्धी सूचकहरू देखिने गरी प्रदेश र स्थानीय तहको एकीकृत विद्युतीय अपाङ्गता सूचना प्रणाली कार्यान्वयन गरिनेछ।यस सूचना प्रणालीमा आवश्यक सूचनाको वर्गीकरण गरी स्थानीय तहले नियमित रूपमा प्रविष्टि गर्ने प्रणालीको विकास गरिनेछ।

१२.२ सबै मन्त्रालय तथा निकायबाट आ-आफ्ना क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयनको समिक्षा गर्दा अपाङ्गता सम्बन्धी नीतिको कार्यान्वयनलाई समेत समीक्षा गरी समस्याको पहिचान र समाधान गरिनेछ।

१२.३

## १३. सम्भावित जोखिम न्यूनीकरण योजना

**१३.१ सम्भावित जोखिमः**

यस नीतिको प्रकृति र स्वरूप साझा र सबै नागरिकको सरोकारका विषय भएको हुनाले देहाय बमोजिमको जोखिम हुन सक्ने अनुमान गरिएको छः-

(क) सबै सरोकारवालामा अपाङ्गता सम्बन्धी समान बुझाईको कमी,

(ख) नीति कार्यान्वयन गर्न ज्ञान, सीप र दक्षता सहित स्रोत, साधनको कमी,

(ग) अपाङ्गताभित्र विविधता र बहुपक्षीय सरोकारको विषय हुने भएको हुँदा समन्वय र सहकार्य नहुने सक्ने,

(घ) तीन तहको सरकारका बीच कार्यक्रममा दोहोरोपना।

**१३.२ जोखिम न्यूनिकरणका उपायहरू:**

यस नीति कार्यान्वयनमा रहेका जोखिमहरुलाई न्यूनीकरण गर्न निम्न उपायहरु अवलम्बन गरिने छः-

(क) प्रदेश र स्थानीय तहको जिम्मेवारी तोकी नीति कार्यान्वयन गर्न कार्ययोजना तयार गरिनेछ।

(ख) प्रदेश र स्थानीय तहबीच दोहोरोपना हटाउन समन्वय संयन्त्र र सूचना आदान प्रदान प्रणाली स्थापित गरिनेछ।

(ग) अपाङ्गता क्षेत्रका विज्ञहरूको दक्षता र क्षमताको प्रयोग गरी नीति कार्यान्वयनमा प्रमुख जिम्मेवारीमा रहने कर्मचारी वा मानव संसाधनको क्षमता विकास गर्दै नीति कार्यान्वयनमा आउने सक्ने चुनौती सामना गर्न नियमित अध्ययन एवं विश्लेषण गर्ने व्यवस्था गरिनेछ।